# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राकमकर्णाली, दैलेख
## कर्णाली प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०६/३१**

यस **आठबीस नगरपालिकाको** कार्यालय राकमकर्णाली, दैलेखको आर्थिक वर्ष २०७८/०७९ को लागि नगर कार्यपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाबाट बिक्रि वितरण गर्नपर्ने भएकाले इच्छुक फर्महरुले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले **७ दिन** भित्र शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्यावधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र नियमानुसारको तपशिलमा उल्लेखित शिलबन्दी दरभाउपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी दरभाउपत्र फारम खरिद दस्तुर **रु १०००/- (अक्षरेपी : एक हजार मात्र)** को नेपाल इन्भेष्टमेन्ट बैक लि डाँब शाखा, दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व **खाता नं. ०६३०१४००२५००८५** जम्मा गरेको बैक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेन्ट बैक लि डाँब शाखा धरौटी **खाता नं. ०६३०१४००२५००३०** मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा **९० दिन** म्याद भएको बैंक ग्यारेन्टी विड वोण्ड समेत समावेश गर्नपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी दरभाउपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुने छैन। प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. दोस्रो पटक सूचना प्रकाशित भएको **मितिले ८ औं दिनको १२:०० बजे** सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र सोहि दिनको **२:०० बजे** कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा दरभाउपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्र सम्वन्धि अन्य शर्तहरु दरभाउपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ ।

७. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रर्चलित कानुन बमोजिम हुनेछ ।

८. शिलबन्दी दरभाउपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालयको **वेवसाइटः www.aathabismun.gov.np, इमेलः ito.aathabismun@gmail.com. फोन ०८९६९०४७५ तथा सूचना पाटी मार्फत लिन सकिने छ ।**

**तपशिल**

| सि..नं. | ठेक्का नं. | शिर्षक | परिमाण (घ.मी.) | ठेक्का रकम रु. | ठेक्का फारम दस्तुर रु. | जमानत रकम रु. | कौफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/०७८/०७९ | दहिखोला देखी टुनिवगर फोलुगें पुलसम्मको ढुङ्गा, गिट्टि तथा वालुवा वन्दोबस्ती | १४,१५१.०० | १५,००,०००।- | १०००।- | ३७,५००।- | |
| २. | ०३/०७८/०७९ | टुनिवगर फोलुगें पुलदेखी रामाघाट, चिनेखो लासम्मको ढुङ्गा, गिट्टि तथा वालुवा वन्दोवस्ती | १८,७७५.०० | १९,९०,०००। | १०००।- | ४९,७५०।- | |

**आठबीस नगरपालिका, दैलेख**

Scanned with CamScanner